# जनकपुरधाम उप-महानगरपालिका
## जनकपृरधाम उँप-महानगरपानिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

**सेवाकरारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०८/२९ गते**

यस जनकपुरधाम उपमहानगरपालिकालाई तपशिलमा उल्लेखित पद-को स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को ८ बमोजिम र जनकपुरधाम उपमहानगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-, २०७५ को आधारमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक नेपाली नागरिकहरुलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न हुन आव्हान गरिएको छ ।

| सि. नं. | विज्ञापन नं. | पदको नाम | तह/श्रेणी | पद संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | नगर प्रहरी | श्रेणी विहिन | ६ (छ) | कम्तिमा ८ कक्षा उतिर्ण गरेको | उ.म.न.पा. ले निर्धारण गरे बमोजिमको प्रयोगात्मक, सिप परिक्षण मुल्यांकन तथा अन्तर्वार्ता |
| २. | २/२०८२/०८३ | कुचिकार | श्रेणी विहिन | १० (दस) | सामान्य लेख पढ गर्न सक्ने | संक्षिप्त सूचीकरण तथा अन्तर्वार्ता |

**शर्तहरु -:**

१. उमेरको हद १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष पुरा नगरेको हुनु पर्ने र वि.नं. १/२०८२/०८३ को लागि १८- २२ वर्ष सम्म ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी तथा अनुभवको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।
३. दरखास्त दस्तुर निर्धारण गरे बमोजिमको रसिद निवेदन साथ् पेश गर्नु पर्ने छ ।
४. स्थानीय तहमा कार्य गरेकोलाई विशेष ग्राहयता दिईने छ ।
५. पारिश्रमिक :- करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईने छ ।
६. परिक्षा दस्तुर दस्तुर रु.५००/- (पाँच सय) मात्र ।
७. सम्पर्क मिति आवेदन दिने अन्तिम मितिको ७ दिन पछी ।
८. परिक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।
९. अन्तर्वार्तामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण-पत्र लिएर उपस्थित हुनुपर्ने छ ।
१०.सेवा अवधिः क) २०८३ अषाढ मसान्त सम्म र का.स.मु. को आधारमा कार्यालयले म्याद थप गर्न सकिनेछ । ख) संघ, प्रदेश वा स्थानीय तहबाट सो पदमा स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ ।
११.दरखास्त पाउने स्थानः यस पालिकाको website: janakpurmun.gov.np वा मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा ।
१२.दरखास्त बुझाउने स्थानः ज.उ.म.न.पा.को मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा बुझाउन सकिन्छ ।
१३.दरखास्त बुझाउने अन्तिम मितिः २०८२/०९/१४ गते सम्म ।
१४.आवेदन दिने अन्तिम दिनमा विदा परेमा सोको भोलिपल्ट सम्म आवेदन दिन सकिने
१५.पदपूर्ति सम्बन्धी अन्तिम निर्णय लिने अधिकार ज.उ.म.न.पा. पदपूर्ति समितिमा निहित रहने छ यसमा कुनै कतै पुनरावेदन लाग्ने छैन ।
१६. महिला उम्मेदवारलाई विशेष ग्राहिता ।

(मेही लाल यादव)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत